देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा युवा तथा खेलकुद शाखा

केरवानी, रुपन्देही
५ नं. प्रदेश,नेपाल

प.सं. २०७६/०७७
च.नं. ८66

मिति: २०७६/१०/१४

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

श्री कक्षा ८ सञ्चालन भएका सबै सामुदायिक एवं संस्थागत विद्यालयहरु,

देवदह नगरपालिका ।

विषयः आधारभुत तह (कक्षा ८) को परीक्षा सम्बन्धमा।

प्रस्तुत विषयमा यस नगरपालिका बाट शैक्षिक सत्र २०७६को आधारभुत तह ( कक्षा ८ ) को परीक्षा मिति २०७६/ ११/ २८ गते देखि सञ्चालन गर्नेगरि परीक्षा व्यवस्थापन समितिको मिति २०७६/ १०/ १३ को बैठकबाट निर्णय भैसकेको छ। उक्त परीक्षाको लागि परीक्षा आवेदन फाराम वितरण कार्य शुरु गरिएकाले उक्त फारामहरु नगरपालिकाको शिक्षा शाखामा सम्पर्क गरि लैजानुहुनका साथै विद्यार्थीको जन्मदर्ताका आधारमा विद्यार्थीको र उनीहरुको अभिभावकहरुको विवरण पछिसम्म फरक नपर्ने गरि भरि भराई यही माघ २५ गते भित्र देहायका कागजात सहित शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउन हुन अनुरोध छ।

१०/१४
टिकाराज शर्मा
उप-सचिव

तपशिलः

१ विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२ कक्षा ७ उतीर्ण गरेको प्रमाणपत्र।

३ संस्थागत विद्यालयको विद्यार्थीकोहकमा तोकिएको परीक्षा शुल्क देवदह नगरपालिकाको एन आइ सि एशिया बैंक खैरेनी शाखामा रहेको सञ्चितकोषको खाता नम्बर १५४१४९९१७४५२४००१ मा जम्मा गरेको बैंक भौचर।

४ EMIS मा रहेको विद्यार्थी विवरणबाट नै कक्षा ८ का परीक्षार्थीहरुको सम्पुर्ण विवरण तयार गरिने हुनाले उक्त कक्षाका विद्यार्थीहरुको विवरण अद्यावधिक नगरेको भए तत्काल गर्नुहुन।

देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
केरवानी, रुपन्देही
५ नं. प्रदेश,नेपाल

प.सं. २०७६/०७७
च.नं. ८६५

मिति: २०७६/१०/१४

देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

श्री सबै मण्टेश्वरी / पुर्वप्राथमिक कक्षामात्र सञ्चालन गरेका विद्यालयहरु,

देवदह नगरपालिका ।

विषयः विवरण उपलब्ध गराउने बारे।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च न २५९ र मिति २०७६/ ९/ १ को पत्र अध्ययन गर्नु भएकै हुनुपर्दछ। नगर शिक्षा समिति देवदहको मिति २०७६/ १०/ १३ को बैठकबाट यस नगरपालिका भित्र सञ्चालनमा रहेका निजि मण्टेश्वरी कक्षा एंव पुर्व प्राथमिक विद्यालयहरुको विवरण संकलन गर्ने निर्णय भएकाले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका कागजात सहितको विवरण नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनुहुन अनुरोध छ।

१०/१४
टिकाराम शर्मा
उप-सचिव

तपशीलः

१ अनुमति पत्रको प्रतिलिपि।

२ घर भाडाको सम्झौता वा आफ्नै घरमा चलाएको भए कागजात एंव घर वहाल कर तिरेको प्रमाण।

३ संस्थाको विधान र प्रवन्धपत्र।

४ कक्षा लिनेको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपि।

५ व्यवसाय कर लगायतका कर तिरेको प्रमाणको प्रतिलिपि।

६ बालबालिकाको विवरण र लिने शुल्क।

७ घर कम्पाउण्ड र कक्षा प्रष्ट देखिने फोटोहरु।


Web: www.devdahamun.gov.np, Email: devdahamun@gmail.com, ☎०७१-५७७४०३,५७७३०३,५७७२९२

देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
केरवानी, रुपन्देही
५ नं. प्रदेश,नेपाल

प.सं. २०७६/०७७
च.नं. ८६६

मिति: २०७६/१०/१४

श्री कक्षा ८ सञ्चालित सवै विद्यालयहरु,

देवदह नगरपालिका ।

**विषय: परीक्षा समय तालिका सम्वन्धमा ।**

प्रस्तुत विषयमा देवदह नगरपालिकाको आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७६/१०/१३ गतेको वैठकको निर्णयानुसार २०७६ सालको आधारभूत तह उत्तिर्ण परीक्षा देहायको मितिमा सञ्चालन हुने हुँदा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ।

**परीक्षा समय तालिका २०७६**

आधारभूत तह कक्षा - ८
परीक्षा हुने समय: विहान ८:०० बजेदेखि

| क्र.सं. | मिति | वार | विषय |
|---|---|---|---|
| १ | २०७६/११/२८ | वुधवार | अंग्रेजी |
| २ | २०७६/११/२९ | विहिवार | नेपाली |
| ३ | २०७६/११/३० | शुक्रवार | अनिवार्य गणित |
| ४ | २०७६/१२/१ | शनिवार | विज्ञान तथा वातावरण शिक्षा |
| ५ | २०७६/१२/२ | आईतवार | सामाजिक तथा जनसख्या शिक्षा |
| ६ | २०७६/१२/३ | सोमवार | पेशा व्यवसाय र प्रविधी |
| ७ | २०७६/१२/४ | मंगलवार | स्वास्थ शारीरिक / नैतिक शिक्षा |
| ८ | २०७६/१२/५ | वुधवार | ऐच्छिक विषयहरु |

१०/१४

टिकाराज शर्मा
उप-सचिव